बैंठक संख्या:- ४०

आज मिति २०८३/०३/०२ गते सोलुदुधकुण्ड नगरपालिकाका नगरप्रमुख श्री नाम्गेल जाङ्बु शेर्पाज्यूको अध्यक्षतामा तपसिलका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैंठक बसि तपसिल वमोजिमको निर्णय गरियो ।

<u>तपसिल</u>

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नाम्गेल जाङ्बु शेर्पा | नगर प्रमुख | |
| २. | श्री गान्धी माया तामाङ | नगर उप- प्रमुख | |
| ३. | श्री सुरेन्द्र थापा | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री छोङबा शेर्पा | वडा अध्यक्ष, वडा नं. १ | |
| ५. | श्री ङवाङ ठिले शेर्पा | वडा अध्यक्ष, वडा नं. २ | |
| ६. | श्री ल्हाक्पा गेलु शेर्पा | वडा अध्यक्ष, वडा नं. ३ | |
| ७. | श्री युवास तामाङ | वडा अध्यक्ष, वडा नं. ४ | |
| ८. | श्री मिङमार तामाङ | वडा अध्यक्ष, वडा नं. ५ | |
| ९. | श्री फुर्वा ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडा नं. ६ | |
| १०. | श्री सोनाम ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडानं. ७ | |
| ११. | श्री पासाङ कटुवाल | वडा अध्यक्ष, वडा नं. ८ | |
| १२. | श्री धनराज तामाङ | वडा अध्यक्ष, वडा नं. ९ | |
| १३. | श्री होम बहादुर मगर | वडा अध्यक्ष, वडा नं. १० | |
| १४. | श्री टंक बहादुर कार्की | वडा अध्यक्ष, वडा नं. ११ | |
| १५. | श्री पेलु लामा | नगरकार्यपालिका सदस्य | |
| १६. | श्री अन्जु श्रेष्ठ | नगरकार्यपालिका सदस्य | |
| १७. | श्री मिना खत्री बस्नेत | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री शान्ती वि.क. | नगरकार्यपालिका सदस्य | |
| १९. | श्री कुलध्वज घर्तिमगर | नगरकार्यपालिका सदस्य | |
| २०. | श्री आङ काजी शेर्पा | नगरकार्यपालिका सदस्य | |
| २१. | श्री निर कुमार नेपाली | नगरकार्यपालिका सदस्य | |
| २२. | | | |
| २३. | | | |

## सोलुदुधकुण्ड नगरपालिका,
## नगरकार्यपालिकाको बैठकका निर्णयहरु

बैठक संख्या: ४०

मितिः- २०८३/०३/०२ गते मंगलवार

समयः- दिउसो ११:०० बजे

स्थानः- नगर प्रमुखज्यूको कार्यकक्ष

| सि.नं. | प्रस्ताव | निर्णयको बेहोरा |
|---|---|---|
| १ | नगरसभाको १८ औ नगरसभाको अधिवेशनको मिति तथा स्थान तय | सोलुदुधकुण्ड नगरपालिकाको नगरसभाको १८ औ नगरसभाको अधिवेशनको पहिलो बैठक मिति २०८३ साल असार १० गते दिनको १:०० बजे बस्ने । |
| २ | विज्ञापन कर तथा कवाडी करको आय ठेक्का | सोलुदुधकुण्ड नगरपालिकाको आगामी आ.व. २०८३/०८४ विज्ञापन कर तथा कवाडी करको आय ठेक्का आह्वान गर्ने । |
| ३ | नगरपालिकाको राजश्व परामर्श समितिको बैंठकवाट स्वीकृत भएको राजश्वका दर | सोलुदुधकुण्ड नगरपालिकाको राजश्व परामर्श समितिबाट यस कार्यपालिकामा पेश भएको राजश्व परामर्श समितिको प्रतिवेदन पुन; अध्ययन गरी पेश गर्न राजश्व परामर्श समितिमा फिर्ता पठाउने । |
| ४ | नगरपालिका क्षेत्रभित्रका घर जग्गाको न्यूनतम थैली अंकमा बढोत्तरी | नगरपालिका क्षेत्रभित्र जग्गा कारोबारमा वास्तविक कारोबार मूल्यको आधारमा लिखत तयार गर्न प्रोत्साहन गर्ने र न्यूनतम थैली अंकमा १०% ले वृद्धि गर्न भूमि प्रशासन कार्यालयमा पत्रचार गर्ने । |
| ५ | नगर प्रहरी जवान पदपूर्ति समर्थन | यस नगरपालिकाको पदपूर्ती समितिबाट सबै प्रक्रिया पूरा गरी नियुक्ति भएका देहायका नगर प्रहरी जवानको नियुक्ति समर्थन गर्ने ।<br>क) नवराज कार्की सोलुदुधकुण्ड- ११, सोलुखुम्बु<br>ख) लक्ष्मण कार्की सोताङ गा.पा.- ३, सोलुखुम्बु<br>ग) सै कुमार रुचाल, सोलुदुधकुण्ड- ५, सोलुखुम्बु<br>घ) सुवास नेपाली, सोलुदुधकुण्ड- ११, सोलुखुम्बु |
| ६ | नगरपालिका क्षेत्रको भित्री तथा कच्ची सडकमा वर्षा याममा ट्र्याक्टर तथा ठुला ढुवानीका सवारी साधन रोक लगाउने | सोलुदुधकुण्ड नगरपालिका क्षेत्रभित्र रहेका भित्री तथा कच्ची सडकहरू वर्षायाममा अत्यधिक वर्षाका कारण क्षतिग्रस्त हुने, सडकको दिगोपनामा प्रतिकूल असर पर्ने तथा सर्वसाधारणको आवागमनमा कठिनाइ उत्पन्न हुने भएकाले सडक संरक्षण तथा मर्मतसम्भारलाई मध्यनजर गर्दै २०८३ साल असार २५ गतेदेखि भाद्र मसान्तसम्म नगरपालिका क्षेत्रका भित्री तथा कच्ची सडकहरूमा ट्र्याक्टर तथा ठूला ढुवानीका सवारी साधन सञ्चालनमा रोक लगाउने, तर विपद् व्यवस्थापन, अत्यावश्यक सेवा, बिरामी ओसारपसार, खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुको आपूर्ति, विकास निर्माणका अत्यावश्यक कार्य तथा नगरपालिकाबाट स्वीकृति लिई सञ्चालन गर्न अनुमति दिने र यस निर्णय कार्यान्वयनका लागि सार्वजनिक सूचना प्रकाशन गरी सम्बन्धित वडा कार्यालय, सुरक्षा निकाय तथा सरोकारवाला निकायहरूलाई जानकारी गराउने । |

<table>
<tr><td>७</td><td>विस्तृत परियोजना प्रतिवेदन तयार स्वीकृत</td><td>चालु आर्थिक वर्ष २०८२/०८३ मा नगरपालिकाबाट परामर्श सेवा खरिद विधिबाट तयार गरिएका देहाय बमोजिमका विस्तृत परियोजन प्रस्ताव स्वीकृत गर्ने ।
<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रमको नाम</th><th>कार्यान्वयन गर्ने फर्म</th></tr>
<tr><td>१</td><td>श्री जन जागृति आधारभूत विद्यालय र श्री स्वर्णिम आधारभूत विद्यालयको विद्यालय भवन निर्माण विस्तृत परियोजना प्रतिवेदन तयार</td><td>दुधकुण्ड कन्स्ट्रक्शन एण्ड इञ्जिनियरिङ सर्भिसेस प्रा.लि., सोलुदुधकुण्ड न.पा. ११ सोलुखुम्बु</td></tr>
<tr><td>२</td><td>दोर्पु बजार- छुल्यामु- डुलुम्से-७ नं. वडा कार्यालय जोड्ने सडक तथा आर्मी क्याम्प-थेग्छेन पेमा छोलिङ गुम्बा-क्याम्पस टोल-च्याल्सा-भित्ते सडकको विस्तृत परियोजना प्रतिवेदन तयार</td><td>भूमि इन्जिनियरिङ कन्सोर्टियम, नख्खुदोबाटो, ललितपुर</td></tr>
</table></td></tr>
<tr><td>८</td><td>स्वर्णिम प्रि स्कूलको अनुमति</td><td>सोलुदुधकुण्ड नगरपालिका वडा नं. ५ मा सञ्चालित स्वर्णिम प्रि स्कूल ले यस नगरपालिकाबाट आवश्यक स्वीकृति तथा अनुमति नलिई कक्षा १ र २ सञ्चालन गरिरहेको पाइएकाले सोलुदुधकुण्ड नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५ मा भएको व्यवस्थाबमोजिम आवश्यक स्वीकृति तथा अनुमति प्राप्त गर्नका लागि आवश्यक प्रक्रिया पूरा गरी १५ (पन्ध्र) दिनभित्र नगरपालिकाको कार्यालयमा उपस्थित हुन पत्राचार गर्ने तथा उक्त अवधिभित्र आवश्यक प्रक्रिया पूरा नगरेमा सोही ऐन तथा प्रचलित कानून बमोजिम विद्यालयको कक्षा सञ्चालन अनुमति खारेज गरी आवश्यक कानुनी कारबाही प्रक्रिया अगाडि बढाउने ।</td></tr>
</table>